निर्वाचन आयोग, नेपाल
# जिल्ला निर्वाचन कार्यालय, म्याग्दी

निर्वाचन आयोग, नेपाल जिल्ला निर्वाचन कार्यालय म्याग्दी, बेनी २०६१

प.सं./च. नं. २०७९।२०८०। ३३ मिति:- २०७९।०५।०१

**विषय:** निर्वाचन आयोगको सूचना जानकारी गराइदिने सम्बन्धमा

अत्यन्त जरुरी

श्री बेनी नगरपालिका, बेनी, म्याग्दी।
श्री रघुगंगा गाउँपालिका, मौवाफाँट,म्याग्दी
श्री अन्नपूर्ण गाउँपालिका, पोखरेबगर,म्याग्दी।
श्री मंगला गाउँपालिका, बाबियाचौर ,म्याग्दी।
श्री मालिका गाउँपालिका, दरवाङ ,म्याग्दी।
श्री धवलागिरी गाउँपालिका, मुना ,म्याग्दी।

यस कार्यालयको च.न. २०७९।२०८०।३२ मिति २०७९।०५६।०१ को पत्र तथा पत्रसाथ संलग्न सूचना प्राप्त भएकै छ। निर्वाचन आयोग, कानून तथा राजनैतिक दल व्यवस्थापन महाशाखाको च.नं.६२ मिति २०७९।०५।०१ को प्राप्त पत्रानुसार(पत्रको विधुतीय प्रति तहाँ पठाइसकिएको छ) देहाय बमोजिमको गर्ने गराउने व्यवस्थाका लागि अनुरोध छ।

१ निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० दिन भित्र निर्वाचन खर्चको विवरण पेश गर्नेहरुको हकमा निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३१ को उपदफा (४) बमोजिम प्रमुख/ उपप्रमुख/ अध्यक्ष र उपाध्यक्षका उम्मेदवारहरुले आफू उम्मेद्वार भएको स्थानीय तहको कार्यालयमा र वडा अध्यक्ष /महिला सदस्य /दलित महिला सदस्य र वडा सदस्य पदका उम्मेदवारले आफू उम्मेदवार भएको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा सात (७) दिन भित्र सार्वजनिक गरी सोको जानकारी जिल्ला निर्वाचन कार्यालयमा गराउने।

२ बुदा नं. १ अनुसारको जानकारी प्राप्त भएपछि जिल्ला निर्वाचन कार्यालयले खर्चको विवरण सार्वजिनक गर्ने उम्मेदवारको नाम थर,स्थानीय तह , उम्मेदवार भएको पद र निर्वाचन खर्च सार्वजनिक गरेको मिति सहितको एकिकृत विवरण तयार गरी आयोगमा पठाउने छ।

३ **तोकिएको समयमा निर्वाचन खर्च विवरण नबुझाई समय सकिएपछि निवाचनको खर्च बुझाउने** र **तोकिएको समय भित्र निर्वाचन खर्च नबुझाउने** आयोगको वेबसाइटमा नामावली विवरण भएका उम्मेदवारलाई तोकिएको समय भित्र के कुन कारणले निर्वाचन खर्च विवरण नबुझाएको हो ? तोकिएको समय भित्र निर्वाचन खर्चको विवरण नबुझाएकोमा तपाईलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारवाही हुनु नपर्ने हो ? भनी सोही ऐनको सोही दफाको उपदफा (४) बमोजिम आफ्नो सफाई सहितको स्पष्टिकरण गोरखापत्रमा सूचना प्रकाशित भएको मितिले सात (७) दिन भित्र सम्बन्धित जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन आयोग,कान्तिपथ,काठमाडौमा आफै उपस्थित भई वा आयोगको राजनैतिक दल व्यवस्थापन शाखाको इमेल (ecn.ppm.election@ gov.np) मा पेश गर्नुपर्नेछ।

४ निर्वाचन खर्चको विवरण कानूनद्धारा तोकिएको समयमा नबुझाउने उम्मेदवारको नाम नामनामेसी सहित आफ्नो सफाई सहितको स्पष्टीकरण पेश गर्ने सम्बन्धी विवरण आयोगको वेबसाइट र सो नाम नामेसी सहितको स्पष्टीकरण सहितको

फोन नं. ०६९-५२०५२६ इमेल:- deo.myagdi@election.gov.np